**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**

# कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन, यु.पि.एस र प्रोजेक्टर खरिद गर्ने बारेको सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७१/०८/२१)

बोलपत्र नं :- "GSD/AU/ST/01/71/72

यस बैंकको केन्द्रीय कार्यालयको लागि आर्थिक बर्ष २०७१/७२ मा आवश्यक कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी मेसिन, यु.पि.एस र प्रोजेक्टर आपूर्ति गर्ने कार्य शिलबन्दी बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले सो सम्बन्धी कार्य गरेको अनुभवी इच्छुक फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलवन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

१ शिलबन्दी बोलपत्र सम्बन्धी कागजात यो सूचना प्रथम पटक प्रकाशित भएको मितिदेखी ३० औं दिनको (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) ३:०० बजेसम्म यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, वालुवाटार र बैंकिङ्ग कार्यालय, थापाथलीबाट पछि फिर्ता नहुने गरी रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) तिरी खरिद गर्न सकिनेछ ।

२ बोलपत्र फाराम खरिद गर्न आँउदा सम्बन्धित फर्म तथा कम्पनीको आधिकारिक निवेदन पेश गर्नु पर्नेछ ।

३ बोलपत्रमा समावेश हुन चाहने फर्म/कम्पनीहरुले निम्नानुसारका कुनै एक वा सबै प्रकारका सामानहरुको लागि बोलपत्र पेश गर्न सक्नेछन् । जुन किसिमको मालसामानहरुको लागि बोलपत्र पेश गर्ने हो सो को लागि तोकिएको रकम बराबरको मात्र बोलपत्र जमानत पेश गरे पुग्नेछ ।

| सि.नं. | सामानको नाम | सामानको परिमाण | बोलपत्र जमानत (रु.) |
|---|---|---|---|
| १ | Branded Desktop Computer | १५१ | ३,४१,०००।- |
| २ | Laptop Computer | १०० | २,५६,०००।- |
| ३ | Laser Printer (600 dpi) | ६५ | १,००,०००।- |
| ४ | Dot Matrix Printer | ३ | १६,०००।- |
| ५ | Photocopy Machine (Photocopier) | ५ | ३५,०००।- |
| ६ | 1.2 KVA UPS | १८१ | ५५,०००।- |
| ७ | 3.5 KVA Online UPS | ३ | २३,०००।- |
| ८ | 2 KVA Line- Interactive UPS | ३ | १०,०००।- |
| ९ | Multimedia Projector | ६ | २०,०००।- |
| **जम्मा** | | | **८,५६,०००।-** |

४ Branded Desktop Computer, Laptop Computer र Printer आपूर्ति गर्न प्रस्ताव गर्दा Gartner List मा समावेश भएका कम्पनीको उत्पादन मात्र प्रस्ताव गर्नु पर्नेछ ।

५ प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन) को अपरान्ह १२:०० बजेभित्र यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटारमा बोलपत्र दाखिला भई सक्नु पर्नेछ ।

६ प्रथम पटक सुचना प्रकाशित भएको मितिदेखि ३१ औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिनको) दिउंसो २:३० बजे बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधिको उपस्थितिमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

७ बोलपत्र फाराम साथ बोलपत्र जमानत वापतको रकम यस बैंकको बैंकिङ्ग कार्यालय थापाथलीस्थित खाता नं ११०९९०१/०११-०००-५२४ मा जम्मा गरेको सक्कल भौचर वा यस बैंक बाट मान्यता प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी भएको र बोलपत्र पेश गर्ने मितिले १२० दिन मान्य अवधि रहेको बैंक ग्यारेण्टी संलग्न गर्नु पर्नेछ ।

८ बोलपत्र सम्वन्धी अन्य शर्तहरु तथा गर्नु पर्ने कार्यहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम तथा सो बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (प्रथम संशोधन समेत) मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्वन्धमा थप जानकारी चाहिएमा सामान्य सेवा विभाग, बालुवाटार, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

९ यो सूचना बैंकको वेभसाइट www.nrb.org.np मा पनि हेर्न सकिनेछ ।

**सामान्य सेवा विभाग**